बैठक संख्या : ७१

मिती : २०७७।०२।०४ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

सि. के. पि. श्री [illegible]

**बैठक संख्या : ७१**

**प्रस्तावहरु** **मिती : २०७७।०२।०४ गते**

१. कोरोना प्रकोपको खर्च व्यवस्थापन सम्बन्धमा ।
२. योजना संशोधन सम्बन्धमा ।
३. प्रदेश राजपत्रद्धारा प्रकाशित प्राप्त जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।
४. भूमीहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान, लगत संकलन र प्रमाणिकरण सम्बन्धमा ।
५. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिने सम्बन्धमा ।
६. एक विद्याल एक नर्स छनटौ गर्ने सम्बन्धमा ।
७. दोस्रो चरणको राहत वितरण सम्बन्धमा ।
८. सातौ नगर सभाको तयारी सम्बन्धमा ।
९. स्वास्थ्य चौकीहरुको निर्माण सम्बन्धमा ।
१०. भण्डारा अस्पतालको रु १६ करोड ५० लाखको ठेक्का आव्हान गर्ने सम्बन्धमा ।
११. संसद विकास कोषको रु ५० लाखको परेवाकोट मोटर बाटो निर्माणको ठेक्का उपभोक्ता समिति मार्फत गराउने ।
१२. मिति २०७७।०१।०६-९ सम्मको हावाहरीबाट प्रभावित बस्नै नमिल्ने गरी क्षेत्री भएका अति विपन्न परिवारलाई जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।
१३. नदीजन्य पदार्थ संरक्षण समितिको दण्ड जरिवाना तोकिएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१४. वडा नं. ११ का वडा अध्यक्ष श्री हित बहादुर तमाङको स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कोरोना प्रकोपको व्यवस्थापन खर्च मध्य हाल सम्म प्रदेश सरकारबाट रु १२ लाख तथा विभिन्न सहयोगी दाताबाट रु ९०३९७३ प्राप्त भएको छ । नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्रबाट प्रकोप व्यवस्थापन समानीकरण अनुदान राजश्व बाँडफाड र आन्तारिक स्रोतबाट खर्च गर्ने व्यवस्था मिलाउन जानकारी प्राप्त भएको छ । हाल सम्म करीब ८५ लाख (केही विल भरपाइ प्राप्त नभएको) खर्च भइ सकेको हुदा सो खर्चलाई अनुमोदन गर्दै यस प्रकोपको घडीमा विभिन्न सहयोग गर्ने सहयोगी मनहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. ०७६/७७ मा संचालन हुने योजनाको केरी योजना विशेष परिस्थितका काम गर्ने अवस्था नरहेकोले उक्त योजनाको संसोधन गर्ने भनि विभिन्न वडाहरुबाट वडा समितिको निर्णय सहित सिफारिस आएकोले उक्त बन्ने नयाँ योजना नगरी नहुने तथा सो काम नहुदा नगरपालिका हानी नोक्सानी हुने अवस्था भएका देहाय अनुसार योजना संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

मिति २०७७।०२।०४ को नगर कार्यपालिका बैंठकबाट संशोधित योजना

| क्र.स | साविकको योजना | ठेगाना | रकम रु | क्र.स. | संशोधित योजना | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | साना किसान कृषी सहकारी व्याज अनुदान | राप्ती १ | २००००० | १ | साना कुसान कृषी सहकारी व्यज अनुदान | ५०००० | |
| | | | | १ | स्ल्याव ढलान गुम्बा जाने बाटो | १५०००० | |
| १ | युवा जागृती क्लब महादेवटार भवन मर्मत | | १५०००० | १ | महादेवटार खानेपानी योजना | १५०००० | |
| २ | राष्ट्रिय आधारभुत विद्यालय नयाँबस्ती ECD भवन निर्माण | राप्ती १ | २००००० | २ | राष्ट्रिय आधारभुत विद्यालय १-८नया बस्ती रङरोगन | २००००० | |
| ३ | घरभाडा | राप्ती १ | ८०००० | ३ | विपद व्यवस्थापन | ८०००० | |
| ४ | पिस पार्क डि पी आर नयाँबस्ती | राप्ती १ | २५०००० | ४ | विपद व्यवस्थापन | २५०००० | |
| ५ | मनकामना मन्दिर निर्माण | राप्ती १ | ३००००० | ५ | पाण्डे चोक स्ल्याव ढलान | १५०००० | |
| | | | | ५ | परिवर्तन चोक स्ल्याब ढलान | १५०००० | |
| ६ | साना किसान कृषी अनुदान | राप्ती २ | २५०००० | ६ | विपद् व्यवस्थापन | २५०००० | |
| ७ | बुद्धशान्ती चौर निर्माण | राप्ती २ | २००००० | ७ | बाटो मर्मत | २००००० | |
| ८ | साना किसान कृषि अनुदान | रा.न.पा. २ | २५०००० | ८ | बाटो ममेत | २५०००० | |
| ९ | जनचेतना मुलक शिर्षक | रा.न.पा. २ | १००००० | ९ | सहकारीलाई ल्यापटप खरिद | १००००० | |
| १० | महाकाली मार्ग पिच | रा.न.पा. ३ | ७००००० | १० | महाकाली मार्ग ढलान | ७००००० | |
| ११ | अपाङ्ग तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम | रा.न.पा. ३ | ५०००० | ११ | युवा तथा खेलकुद | ५०००० | |
| १२ | प्रगतिपुर मार्ग पिच | रा.न.पा. ३ | ९००००० | १२ | प्रगतिपुर मार्ग ढलान कार्य | ९००००० | |
| १३ | ब्रहमस्थानी मार्ग पिच | रा.न.पा. ३ | ७००००० | १३ | ब्रहमस्थानी मार्ग ढलान तथा नाला निर्माण | ७००००० | |
| १४ | पर्सैनी डांडा मार्ग पिच र डिमारा कुलो पक्की वाल निर्माण | रा.न.पा. ३ | ९००००० | १४ | पर्सौनी मार्ग ढलान | ९००००० | |
| १५ | कृषक अनुदान कार्यक्रम | रा.न.पा.३ | ३००००० | १५ | हावाहुरी राहत विपत व्यवस्थापन | ३००००० | |
| १६ | प्रगतिपुर सिसाबास कृषी मार्ग १ नं. कुलो छेउ बाटो कुलो ग्रेवल | रा.न.पा. ३ | १००००० | १६ | विपद् व्यवस्थापन | १००००० | |
| १७ | समपुरक बजेट | राप्ती न पा ४ | ५००००० | १७ | हेमपाइप खरिद | ५००००० | |
| १८ | खानेपानीको धारा जडान | राप्ती न पा ४ | १००००० | १८ | घरभाडा | १००००० | |
| १९ | भवानिपुर मार्ग ढलान । पिच | राप्ती न पा ४ | १०००००० | १९ | विपद व्यवस्थापन(९ लाख नगर र १ लाख वडा) | १०००००० | |
| २० | विधुत विस्तार तथा मर्मत | राप्ती न पा ४ | ४००००० | २० | जस्ता खरिद | ४००००० | |
| २१ | बाटो मर्मत तथा फिलपङ्ग भेपरी | रा.न.पा.५ | १३५०००० | २१ | हावाहुरी राहत वा जस्तापाता खरिद | ५००००० | |
| | | | | २१ | बाटो मर्मत तथा फिलिङ भेपरी आउने | ८५०००० | |
| २२ | समपुरक बजेट | राप्ती-६ | ३००००० | २२ | फुलौरिया प्रतिक्षालयबाट महल र हेटौडे टोलमा बाटो ग्रेवल र अन्य बाटो मर्मत संभार | ३००००० | |
| २३ | हर्दि शिव मन्दिर कम्पाउण्ड | राप्ती-६ | २००००० | २३ | हर्दि शिव मन्दिर परिषरमा माटो फिलिङ | २००००० | |
| २४ | पुजीगत सुधार तथा सार्वजनिक निर्माण | रा.न.पा.७ | ३५०००० | २४ | सिक्स ग्रुप प्रशंसा मार्ग ग्रावेल | १५०००० | |
| | | रा.न.पा.७ | | २४ | वडा कार्यालयमा शौचालय निर्माण | २००००० | |
| २५ | शान्ती कुञ्ज | रा.न.पा.७ | २७००००० | २५ | शान्ति कुञ्ज गेट निर्माण | १५००००० | |
| | | रा.न.पा.७ | | २५ | शान्ति कुञ्ज बोरिङ निर्माण | ७००००० | |
| | | रा.न.पा.७ | | २५ | नमुना मार्ग बाटो ग्रेवल | ५००००० | |
| २६ | सास्कृतिक कार्यक्रम | रा.न.पा. ८ | १००००० | २६ | विपद व्यवस्थापन | ५००००० | |
| २७ | सुन्दर बस्ति मार्ग | रा.न.पा. ८ | ३००००० | | | | |
| २८ | सामुदायिक भवन थ्रि ग्रुप | रा.न.पा. ८ | १००००० | | | | |
| २९ | जोरकुलो देखि उत्तरखण्ड सडक कालोपत्रे | रा.न.पा. ८ | १०००००० | २९ | बनदेवी मार्ग बाटो ग्रेवल | ५००००० | |
| | | रा.न.पा. ८ | | २९ | खानेपानी मार्ग बाटो ग्रेवल | २००००० | |
| | | रा.न.पा. ८ | | २९ | आ.वि. बजरठ्ठी मर्मत संभार | ३००००० | |
| ३० | आधारभुत विद्यालय ब्रम्हस्थान सामान खरिद | रा.न.पा. ८ | १५०००० | ३० | आधारभुत विद्यालय ब्रम्हस्थान मर्मत संभार | १५०००० | |

मिति २०७७।०२।०४ को नगर कार्यपालिका बैंठकबाट संशोधित योजना

| क्र.स | साविकको योजना | ठेगाना | रकम रु | क्र.स. | संशोधित योजना | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३१ | पिपुल्स पार्क भ्यूटावर निर्माण | रा.न.पा. ९ | १२००००० | ३१ | पिपुल्स पार्क टावर डि पि आर तयार | ५००००० | |
| | | | | ३१ | पिपुल्स पार्क सत्तल निर्माण | ७००००० | |
| ३२ | विद्यालय खाजा तथा यातायात अनुदान | रा.न.पा.९ | ६००००० | ३२ | रोहितपुर विद्यालय रंगरोगन | ४००००० | संशोधित छ |
| | | | | ३२ | चित्रकोट विद्यालयल यातायात भाडा | २००००० | संशोधित छ |
| ३३ | च्यात्राङ खोलामा पक्की स्ल्याप निर्माण | रा.न.पा.९ | ६००००० | ३३ | साना किसान विरेन्द्रनगर | ४००००० | |
| | | | | ३३ | विरेन्द्रनगर स्वास्थ्य चौकी पार्किङ निर्माण | १००००० | संशोधित छ |
| | | | | ३३ | विपत शिर्षक | १००००० | |
| ३४ | विविध खर्च | रा.न.पा.९ | ४८०००० | ३४ | विपत शिर्षक | ३००००० | |
| | | | | ३४ | विविध खर्च | १८०००० | |
| ३५ | वडा मेलमिलाप केन्द्र | रा.न.पा.९ | १००००० | ३५ | विपत शिर्षक | १००००० | |
| ३६ | समपुरक | राप्ती १० | ५००००० | ३६ | विपद व्यवस्थापन जस्ता खरिद | ५००००० | |
| ३७ | सुरखण्डी लिफ सिचाइ | रा.न.पा. ११ | १५०००० | ३७ | जिम्दिङ लिफ सिचाई योजना | २००००० | |
| ३८ | मसलन्द, कार्यालय सामाग्री | रा.न.पा. ११ | ५०००० | | | | |
| ३९ | चिउरी अलैची रोपन कार्यक्रम | रा.न.पा. ११ | २००००० | ३९ | विपत व्यवस्थान | २००००० | |
| ४० | मेत्राङ खानेपानी विस्तार | रा.न.पा. १२ | २००००० | ४० | विपत व्यवस्थान | ४५०००० | |
| ४१ | राष्ट्रिय आ वि ग्लाउथ | रा.न.पा. १२ | ५०००० | | | | |
| ४२ | राष्ट्रिय आ वि चात्राङ | रा.न.पा. १२ | ५०००० | | | | |
| ४३ | राष्ट्रिय आ वि डिहीटार | रा.न.पा. १२ | ५०००० | | | | |
| ४४ | राष्ट्रिय आ वि पखोल | रा.न.पा. १२ | ५०००० | | | | |
| ४५ | राष्ट्रिय आ वि वाक्राङ | रा.न.पा. १२ | ५०००० | | | | |
| ४६ | समपुरक कोष | रा.न.पा. १२ | ५००००० | ४६ | वृक्षारोपण चिउरी (तारवार सहित) | ५००००० | |
| ४७ | थाकलटार खानेपानी योजना | रा.न.पा.१३ | ९००००० | ४७ | कालिटार आधारभुत विद्यालय भवन निर्माण | ५००००० | |
| | | | | ४७ | विपत व्यवस्थापन(जस्ता खरिद) | ४००००० | |
| ४८ | औषधी खरिद ४० लाख मध्यबाट | अस्पताल तर्फ | ६००००० | ४८ | हेमाटोलोजिकल एनालाइजर (कुल्टर) मेसिन खरिद | ६००००० | |
| | जम्मा | | २०५१०००० | | जम्मा | २०५१०००० | |

**बैठक संख्या : ७१** **मिती : २०७७।०२।०४ गते**

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धी कार्यविधि प्रदेश राजपत्रबाट प्राप्त भएकोले नियमानुसार सकेसम्म छिट्टै जनप्रतिनिधीलाई सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय समन्वय शाखाको च.नं. ४१० मिति २०७७।०१।२६ को पत्रमा भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासी पहिचान, लगत संकलन र प्रमाणिकरणको सम्बन्धित पत्र प्राप्त भएको छ । पत्र उल्लेख भए अनुसारको भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासी पहिचान गरी लगत संकलन गर्न वडामा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर एण्ड आए कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले निर्माण सम्बन्धी कार्य गर्न **'घ' वर्गको इजाजत पत्र**को लागि आवश्यक कागजात सहित पेश गरेको हुँदा उक्त प्रा.लि घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय वागमती प्रदेशको च.नं. २४११ मिति २०७७।०२।०२ को पत्रबाट आगामी आ.व एक विद्यालय एक नर्स कार्यक्रम संचालनको लागि ३ वटा माध्यामिक विद्यालय छनौट गरि पठाइ दिन भनि लेखी आएकोले सो बमोजिम देहाय अनुसारको विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. भण्डारा मा वि भण्डारा राप्ती – ६ चितवन
२. विरेन्द्र आदर्श मा वि वीरेन्द्रनगर राप्ती – ७ चितवन
३. थाकलटार मा.वि. थाकलटार राप्ती – ११ चितवन

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा लकडाउनको कारण काम गर्न नपाइ विहान बेलुकाको छाक टार्न मुस्किल भइ चुलो बल्न नसकेको विपन्न परिवारले स्वय नगरपालिका वा वडा कार्यालयमा स्वयम उपस्थित भइ निवेदन दिएमा वडाको प्रतिनिध सहित निजको घरमा गइ अनुगमन गरी साच्चैकै चुलो बल्न अवस्था नदेखिएमा उक्त परिवारलाई जनप्रतिनिधि मार्फत सिफारिस भइ आएमा प्रशासन कार्यालयको कर्मचारीबाट भरपाइ गरि राहत दिने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ को बमोजिम राप्ती नगरपालकाको सातौ नगरसभा आवश्यक तयारी सहित मिति २०७६।०३।१० मा गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ७१** **मिती : २०७७।०२।०४ गते**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा राप्ती नगरपालिकामा वडाहरुमा स्वास्थ्य चौकी निर्माण गर्न बजेट प्राप्त भएको र यस आ.व. मा खर्च गर्न निकासा भएको कुल लागतको ३५% खर्च नगरे अर्को साल उक्त रकम घटाएर बजेट रकम प्राप्त हुने जानकारी प्राप्त भएकोले स्वास्थ्य चौकी जस्तो महत्वपूर्ण भवन उपभोक्ताद्धारा निर्माण कार्य गराउदा गुणस्तरीय संरचना नबन्ने भएकोले समयलाई मध्यनजर गर्दै यस वर्ष खर्च गर्नुपर्ने रकम १५ दिनमा सीलबन्दी दरभाउ पत्र माग गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. ५ स्थित भण्डारा अस्पताल भवन निर्माणको लागत अनुमान योजनाको अन्तिम वर्ष सम्म करिब रु १६ करोड ५० लाख हुने ल.इ बाट देखिएको र यस आ.व.मा जम्मा २ करोड मात्र बजेट प्राप्त भएकोमा त्यति मात्र रकमको बोलपत्र आव्हान गर्दा संरचना कमजोर हुने वर्षे, पिच्छे बोलपत्र आव्हान गर्दा समय पनि बरवाद हुने Variation गर्नुपर्ने अवस्था सृजना हुने जस्ता कारण समयमा कार्य सम्पन्न हुने नसक्ने भएकोले ल.इ बमोजिम १६ करोड ५० लाख बोलपत्र आव्हान गरी बजेट व्यवस्थाको लागि तथा जनसंख्या मन्त्रालयको सिफारिस अर्थ मन्त्रालयसँग अनुरोध गर्ने प्रदेश सरकारसँग अनुरोध गर्ने तथा अझै अपुग भएमा अस्पताल जस्तो नगर गौरवको योजनामा नगरले नै बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा परेवाकोट थाकलटार सडक स्तरोन्नती योजना संसद विकास कोषको रु ५० लाख बजेटबाट संचालन हुने र उक्त कार्यक्रम अन्तर्गत ५० लाख भन्दा माथिको कार्य ठेक्का आव्हान गरी सम्पन्न गर्नपर्ने शर्त रहेकोमा राप्ती नगरपालिकाको पर्यटकीय हिसाबले उक्त योजना अति महत्वपूर्ण रहेकोले योजनाको कार्य कुनै हालतमा सम्पन्न गर्नुपर्ने भएको र कोरोना प्रकोप तथा विविध कारण बोलपत्र आव्हान गरी योजना सम्पन्न गर्न सक्ने अवस्था नभएकोले एक पटकको लागि उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने साथै बनक्षेत्र समेत भएकोले सम्बन्धित निकायसँग समन्वय गरी प्रक्रिया पुऱ्याई कार्य गर्न उपभोक्ता समितिलाई विशेष निर्देशन दिने समेत निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०७७।०१।०६ गते देखि २०७७।०१।०९ सम्म चलेको हावाहुरी र असिनाले राप्ती नगरपालिकाका केही वडाका जस्ताका पुराना घरहरु पूर्णक्षेती भएकोमा पूर्ण क्षती भएका उक्त परिवार बसेको घर मर्मत वा निर्माण नगरी बस्नै नसक्ने अवस्था र अति विपन्नताको कारण स्वयंले मर्मत वा निर्माण गर्न नसक्ने भएको व्यक्तिहरुलाई वडामा रहेको विपत व्यवस्थानमा शिर्षकबाट भुक्तानी हुने गरी र सो शिर्षकमा रकम नहुने वडाहरुले योजनाको उपयुक्त शिर्षकलाई विपद् व्यवस्थापन शिर्षकमा रकमान्तर गरी आवश्यक प्रक्रिया पुरा गरि अति विपन्न परिवारलाई जस्तापाता उपलब्ध गराई २०७७।०२।२० सम्म योजना फर्छ्यौट गरी सक्नुपर्ने निर्णय गरियो ।

**बैठक संख्या : ७१**

**मिती : २०७७।०२।०४ गते**

**<u>निर्णय नं. १३</u>**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा अवैध रुपमा नदीजन्य पदार्थ ओसार पसार निकासी गर्नेलाई यस अगाडी रु ७००० मात्र दण्ड जरिवाना तोकिएकोमा जरीवानाको रकम थोरै भएको कारण चोरी निकासी बढ्दै गएको महसुस गरी नदीजन्य पदार्थ संरक्षण समितिले उक्त कार्य गर्नेलाई दण्ड जरिवाना थप गरी १० हजार गर्नेः र सूचना दिने र पक्री बुझाउनेलाई सो रकमको आधा रकम दिने निर्णय गरेकोले नदीजन्य पदार्थको गलत ओसार पसार रोक्न उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १४</u>**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा राप्ती नगरपालिकाको वडा नं. ११ को वडा अध्यक्ष श्री हित बहादुर तमाङ धेरै लामो समय देखि विरामी पर्नु भएको र निज हाल भरतपुरमा उपचारत रहेको हुँदा निजको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।